# नलगाड नगरपालिकाको
# प्राथमिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
## कार्यपालिकाबाट स्वीकृत प्राप्तमिति:- २०७९।०५।०२

**प्रास्तावना:-** नलगाड नगरपालिका भित्र बसोबास गर्ने नगरबासी तथा सेवालिन ईच्छुक अन्य नागरिकहरु समेतलाई गुणस्तरीय आँखा तथा कान सम्बन्धि विशेषज्ञ सेवा प्रदान गर्न वाञ्छनीय भएकोले, नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा...ले दिइएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाइएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्राथमिक आखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२)यो कार्यविधि स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क)**"कार्यपालिका"** भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ ।

ख)**"प्रमुख"**भन्नाले नेपालको संविधानको धारा-२१६ को उपधारा-१ बमोजिमको नगरकार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग)**"उप-प्रमुख"**भन्नाले नगर कार्यपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

घ)**"वडा"**भन्नाले नगरपालिकाको वडा सम्झनु पर्दछ ।

ङ)**"वडा अध्यक्ष"**भन्नाले नेपालको संविधानको धारा-२१५ को उपधारा-२ तथाधारा-२१६ को उपधारा-२ बमोजिमको वडा अध्यक्ष सम्झनुपर्दछ ।

च)**"सदस्य"**भन्नाले नेपालको संविधानको धारा-२२२ को उपधारा-२, धारा-२२३ को उपधारा-२ बमोजिमको सदस्य सम्झनुपर्दछ ।

छ)**"कार्यपालिका सदस्य"**भन्नाले नगर कार्यापालिकाको सदस्य सम्झनुपर्दछ ।

ज)**सञ्चालन तथा व्यवस्थापन समिति** भन्नाले बुदा नं. ३(१) बमोजिम गठित सञ्चालन तथा व्यवस्थापन समिति सम्झिनु पर्दछ ।

झ) **कर्मचारी** भन्नाले प्राथमिक आखा तथा कान उपचार केन्द्रमा सेवा प्रवाहका लागि खटिने कर्मचारी सम्झिनु पर्दछ ।

**३.प्राथमिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति गठन तथा काम कर्तव्य र अधिकार:**

१)प्राथमिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समति रहनेछ ।

क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति — संयोजक

प्रमुख प्रशासकीय अधिकृत

ख) सामाजिक विकास समिति संयोजक — सदस्य
ग.) सम्बन्धित वडा अध्यक्ष — सदस्य
घ) कार्यपालिका सदस्यहरु
ङ) प्रतिनिधि नेपाल नेत्र ज्योति संघ — सदस्य
च) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

**२)काम कर्तव्य र अधिकार**

क) वैठक सञ्चालन तथा व्यवस्थापनको कार्यविधि निर्धारण गर्ने ।

ख) उपचार केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने नीतिगत, संस्थागत, संगठनात्मक, आर्थिक तथा व्यवस्थापकीय पक्षको निर्धारण तथा व्यवस्थापन गर्ने ।

ग) उपचार केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि मार्ग निर्देश गर्ने ।

घ) उपचार केन्द्र सञ्चालनतथाव्यवस्थापनको लागिआवश्यक पर्ने योजना, बजेटको व्यवस्थापनतथा स्वीकृत गर्ने ।

ङ) उपचार केन्द्र सञ्चालनतथाव्यवस्थापनको लागिविभिन्ननिकायसंग आवश्यक सहकार्य तथा समन्वयगर्ने ।

च)उपचार केन्द्र सञ्चालनतथाव्यवस्थापनको लागिआवश्यक करार मानव स्रोत, कार्यविवरण तथा सेवा सुविधानिर्धारण गर्ने र उपलब्ध गराउने ।

छ) उपचार केन्द्रको सञ्चालनतथाव्यवस्थापकियपक्षको नियमिति अनुगमण मुल्याङ्कनतथा सुपरीवक्षण गर्ने गराउने ।

ज) उपचार केन्द्रको कर्मचारी वानगरपालिकाको कुनै कर्मचारिलाई आवस्यकताअनुसार व्यवस्थापकियजिम्मेवारी प्रत्यायोजन गर्ने ।

झ) आर्थिक तथावित्तिय सुशासनकायमगर्ने गराउने ।

ञ) गुणस्तरीय आँखातथाकानउपचार प्रदानकालागिआवस्यक पर्ने अन्यकार्य गर्ने ।

ट) सेवाप्रवाहको मापदण्ड, शल्कलगायतकाविषयमाआवश्यक निर्णय गर्ने ।

**४. भौतिक, आर्थिक तथावित्तियव्यवस्थापन:**

क) बुदा नं ३ बमोजिम गठित समितिले उपचार केन्द्रको भौतिकआर्थिक तथावित्तियव्यस्थापनगर्नेछ ।

ख) समितिले तोकेको वैङकमाउपचार केन्द्रको नाममा बैंकखाता सञ्चालनहुनेछ ।

ग) नगरपालिका, विभिन्न सरकारी निकायतथा गैरसरकारी निकायहरु,व्यक्तिहरु तथाअन्य स्रोतबाट जुनसुकै प्रकारले प्राप्तहुने अनुदान सहयोग ग्रहण हुने छ ।

घ) केन्द्रको खाता सञ्चालन संयोजक र सदस्य सचिवको नाममा संयुक्त रुपमा सञ्चालनहुनेछ ।

ङ) केन्द्र स्थापनाभएको १ वर्षपछि केन्द्र सञ्चालनको लागिआवश्यक पर्ने कर्मचारी व्यवस्थापनको खर्च केन्द्रले नै जोहो गर्नुपर्नेछ ।

च) केन्द्रको लेखा परिक्षण नगरपालिकाबाट खटाइएको लेखापरिक्षकबाट हुनेछ ।

छ) केन्द्रको वार्षिक प्रगितप्रतिवेदननगर कार्यपालिकाहुदै नगरसभा समक्ष प्रस्तुतगरिनेछ ।
ज) नगरपालिकाले जुनसुकै समयमा केन्द्रको सम्पुर्ण पक्षको अनुगमण गर्न सक्नेछ ।

**५.बाधा अट्काउ फुकाउ:**

यो कार्यविधिको कार्यान्वयनको क्रममाकेहिवाधा अट्काउआइपरेमा सञ्चालनतथाव्यवस्थापन समितिको सिफारिसको आधारमानगर कार्यपालिकाले आवश्यक ठानेमाबाधा अट्काउफुकाउगर्न सक्नेछ ।